पत्र संख्याः ७७।७८
चलानी नं- .
प्राप्त पत्र संख्याः-

# धनुषा जिल्ला अदालत
## प्रशासन शाखा

फोन नं. ०४१-५२०१४५, ५२११४६
Email: inofdcdhanusha@dcourt.gov.np
कृपया पत्रोत्तरमा प्राप्त च. नं. र मिति उल्लेख गर्नुहोला ।


मितिः-२०७८/३।३१

## सूचना

विश्वव्यापी महामारीको रुपमा तीव्र गतिमा फैलिरहेको नयाँ भेरियन्टको कोरोना भाईरस (कोभिड-१९) को संक्रमण दरमा केही सुधार हुँदै गएको अवस्था देखिए पनि संक्रमणको जोखिम कायमै रहेको अवस्था समेतलाई मध्येनजर गरी जिल्ला प्रशासन कार्यालय धनुषाबाट जारी निषेधाज्ञालाई २०७८/०४/१० गतेसम्म थप गरेको सन्दर्भमा सो निषेधाज्ञाको अवधिभर यस अदालतमा देहायका थप सेवाहरु समेत सुचारु गर्ने गरी यस अदालतको मिति २०७८/०३/३१ को निर्णयानुसार सम्वन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

**साविकदेखि सूचारु रहेका सेवाहरु**

१. म्याद थप, पक्राउ पुर्जीजारी, CDR अनुमति र जरुरी पक्राउ पुर्जीको समर्थन सम्बन्धी कार्य,

२. अभियोगपत्र दर्ता गर्ने, अभियोगपत्रसाथ पेश भएका अभियुक्तको बयान लिने, थुनछेक आदेश गर्ने,

३. बन्दीप्रत्यक्षीकरण सम्बन्धी निवेदनदर्ता र सुनुवाई,

४. प्रहरीद्वारा पक्राउ परी आएका फरार प्रतिवादीको बयान तथा थुनछेकसम्बन्धी कार्य,

५. घरेलु हिंसासम्बन्धी फिरादपत्र दर्ता र सुनुवाई,

६. बालसुधार गृहमा रहेका बालबालिका जिम्मा लिने विषयसँग सम्बन्धित निवेदन दर्ता र सुनुवाई,

७. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ को सुविधासम्बन्धी निवेदन दर्ता र सुनवाई,

८. अभियोग साथ पेश भएका दशीका मालसामान फिर्ता पाउँ भन्ने निवेदन उपरको कारवाही,

९. कैदी पुर्जी सम्बन्धी कार्य,

१०. फैसला वा आदेश अन्तिम भईसकेका मुद्दाहरूको रोक्का/फुकुवा सम्वन्धी कार्य,

११. फैसला, आदेश वा मिसिल संलग्न अन्य कागजातको नक्कल माग गर्न परेका निवेदन सम्वन्धी कार्य,

१२. विशेष प्रकृतिका निवेदन सम्बन्धी कार्य,

१३. अदालती शुल्क फिर्ता गर्ने सम्वन्धी कार्य,

१४. मुद्दा फिर्ता, डिसमिस, तामेली र मिलापत्र सम्बन्धी कार्य,

१५. फिराद पत्र दिनको १० (दश) वटा सम्म दर्ता हुने भएकोले दायरी फाँटमा दिनको ११बजे भित्र टोकन लिईसक्नु पर्नेछ र २ बजे भित्र फिरादपत्र दर्ता गराइ सक्नु पर्ने,

१६. रोक्का/ फुकुवा सम्वन्धी निवेदन उपरको कारवाही गर्ने,

१७. नेपाल सरकार वादी भएका थुनुवा मुद्दा तथा केही प्रतिवादी थुनुवा भएका मुद्दा र केही प्रतिवादीहरु तारिखमा रहेका मुद्दामा तारिखमा रहेका सबै प्रतिवादीहरुले तारिख थमाइ मुद्दाको कारबाही अगाडी बढाउने अनुरोध गरेका मुद्दा उपरको सुनुवाई गर्ने।

<u>मिति २०७८/४/७ गते देखि थप सुचारु गरिने सेवाहरु:</u>

१. हाजिर हुन आउने सरकारवादी फौजदारी मुद्दाका फरार प्रतिवादीहरुलाई हाजिर गराई वयान गराउने सम्वन्धी कार्य,

२. तारिख लिन आउने सरकारवादी फौजदारी मुद्दाका पक्षहरुको तारिख थाम्ने कार्य,

३. निषेधाज्ञाको निवेदन उपर सुनुवाई सम्वन्धी कार्य,

४. फैसला कार्यान्वयन सम्बन्धी सम्पूर्ण कामकारवाहीहरु सूचारु हुने।

२०७८/३/३१